# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७५ चैत १५

### अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा संवेदनशील बन ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार उपभोगको विषयलाई लिएर हिजो अपाङ्ग समुदायबाट काठमाडौंको जोरपाटीमा भएको प्रदर्शन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण सम्बन्धमा आयोगले समय-समयमा नेपाल सरकार र सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदै आएको छ । आयोगको अनुगमन तथा अन्तरक्रियात्मक छलफलहरु समेतबाट राजधानी लगायत देशका प्रायः सबै शहरहरुमा पैदलयात्री तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री सडक तथा फुटपाथ समेतको व्यवस्था हुन नसकेको पाइएको छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो ।

नेपालको संविधानको धारा ४२ (३) ले सामाजिक न्यायको हक अन्तर्गत "अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने" उल्लेख गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ लगायतले सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गमैत्री हुनुपर्ने उल्लेख गरेको छ । नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना समेतले अपाङ्गमैत्री सडक निर्माण गर्ने उल्लेख गरेको छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्ष राष्ट्र रहेको नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताको लागि अपाङ्गमैत्री सडक तथा सार्वजनिक सरोकारका भवनहरु निर्माण गर्नु अत्यन्त आवश्यक छ ।

आयोगले यस सम्बन्धमा विगतमा पनि पटक-पटक नेपाल सरकारलाई सिफारिस तथा पत्राचार गरेको स्मरण गराउँदै भौतिक संरचनाहरुलाई अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त तुल्याउन, अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी कार्यालय, सार्वजनिक यातायातका साधन, शौचालय, वसपार्क लगायतका संरचनाहरुलाई अपाङ्गमैत्री बनाई उनीहरुको अधिकार संरक्षण र संवर्द्धन सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org